# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०७।१९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

सहायक वन अधिकृत (रा.प. तृतीय श्रेणी) बिनोद कुमार सिंह (हाल अवकाश प्राप्त) ले सार्वजनिक पदमा वहाल रहँदा पदको दुरुपयोग गरी गैरकानुनी रुपमा स्रोत नखुलेको सम्पत्ती आर्जन गरेकोले निज उपर कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीको अनुसन्धानको क्रममा निज बिनोद कुमार सिंहले सार्वजनिक सेवाको पदमा बहाल रहँदा आफ्नो पद तथा अधिकारको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको सम्बन्धमा निजको आय व्ययको विस्तृत विश्लेषण समेतबाट निजको आय आर्जन र खर्च तथा लगानीतर्फ विश्लेषण गर्दा सार्वजनिक पद धारण गरे पश्चात जाँच अवधिका विभिन्न वर्षमा निजले आफ्नो नामका साथै आफ्ना परिवारका सदस्यहरुको नाममा खरिद एवं लगानी गरेको चल अचल सम्पत्तिहरुका सम्बन्धमा संकलित तथ्य प्रमाणहरु उपर छानबिन एवं विश्लेषण गरी हेर्दा निजले सार्वजनिक पद धारण गरेको मिति २०४३।११।१३ गते देखि जाँच अवधिमा १,६०,२१,०१८।८३ (एक करोड साठी लाख एकाइस हजार अठार रुपैया त्रियासी पैसा) आय आर्जन गरेको देखियो भने सोही अवधिमा निज तथा निजको परिवारका सदस्यहरूको चल अचल सम्पत्ति सिर्जना एवं शेयर लगानी, बिमा,बैङ्क मौज्दात, लगायतका शीर्षकहरुमा समेत गरी ३,५१,८२,६४४।५१ (तीन करोड एकाउन्न लाख बयासी हजार छसय चौवालीस रुपैया एकाउन्न पैसा) खर्च गरेको देखिंदा वैध आय १,६०,२१,०१८।८३ (एक करोड साठी लाख एकाइस हजार अठार रुपैया त्रियासी पैसा) को तुलनामा रु.१,९१,६१,६२५।६८ (एक करोड एकानब्बे लाख एकसट्ठी हजार छसय पच्चीस रुपैया अठसट्ठी पैसा) बराबरको सम्पत्तिको स्रोत नखुलेको पाइएबाट निजको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिन आयो। निज लगायत परिवारका सदस्यहरु तथा अन्य व्यक्तिहरुका नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा मौज्दात देखिएको, बीमा लगायत विभिन्न कम्पनीहरुका शेयर खरिद तथा लगानी गरेको, जग्गा लगायतका चल अचल सम्पत्तिहरु खरिद गरेको देखिन आएको छ । वैध आयको तुलनामा स्रोत खुल्न नसकेको रु.१,९१,६१,६२५।६८ (एक करोड एकानब्बे लाख एकसट्ठी हजार छसय पच्चीस रुपैया अठसट्ठी पैसा) निजले राष्ट्रसेवक भए पश्चात के कस्तो स्रोतबाट सम्पत्ति आर्जन गरेको हो भन्ने कुराको स्रोत पुष्टि गर्न नसकेबाट गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको देखिन आएकोले निज बिनोद कुमार सिंह उपर बिगो रु.१,९१,६१,६२५।६८ (एक करोड एकानब्बे लाख एकसट्ठी हजार छसय पच्चीस रुपैया अठसट्ठी पैसा) कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ (ग), दफा २९ र प्रचलित

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ती जफत समेत गरी पाउन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

यसका अतिरिक्त निज सार्वजनिक सेवाको पदमा रहेर गैरकानूनी रुपमा आर्जन गरी, स्रोत पुष्टि हुन नसकेको सम्पत्तिहरू निजको श्रीमती गीतादेवी सिंह, छोराहरु अनुप कुमार सिंह र अचल कुमार सिंहको नाममा राखेको देखिएको हुँदा भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १६ (ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २०को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत गरी पाउन मागदाबी लिएको र सो चल अचल सम्पत्तिहरू जफत गर्ने प्रयोजनको लागि निजहरु गीतादेवी सिंह, छोराहरु अनुप कुमार सिंह र अचल कुमार सिंहलाई समेत प्रतिवादी कायम गरी आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता